CONTRIBUTIONS TO NEPALESE STUDIES
CNAS, TRIBHUVAN UNIVERSITY

Vol. 14, No. 3
August 1987

# वज्रवाराही जात्रा : एक परिचय

सुशीला मानन्धर

काठमाडौं उपत्काका तीन शहरहरूमध्ये दोस्रो शहर ललितपुरको मल्लकालीन दरबार क्षेत्र मंगलबजारबाट करिब १० किलोमिटर [1] दक्षिणमा चापागाउँको प्रमुख बजार अवस्थित छ। यो गाउँ पूर्वमल्लकालीन शहर हो। [2] यस चंपापुर (चापागाँउ) राजा नान्यदेवका द्वितीय उत्तराधिकारी नानसिंहदेवको शासनकाल ने.सं. १११ मा पाटनका दुई मल्लहरू - राजमल्लदेव र काठ्यामल्लले निर्माण गराएका थिए। [3] सोही बजारको पूर्वोत्तरकोणमा एक रमणि हराभरा बनमा वज्रवाराही माईको मंदिर अवस्थित छ। गजूर रहीत प्यागोडा शैलीमा निर्मित यस मंदिरभित्र खास कुनै प्रतिभा स्थापना गरिएको छैन, केवल केही ढुंगाहरू र एक लाम्चो आकारको कुण्ड रहेका छन्। परापूर्वकालमा सो कुण्ड एक फोहर नाली थियो, जहाँ एक सुंगुर (वाराही) खेलीरहेको समयमा कुनै एक बौलाहाले त्यसमाथि बन्चरो प्रहारगरी घाइते पारिदिएको हुँदा उक्त वाराही सोही स्थानमा सिद्ध भई वज्रवाराही माइस्थानको उत्पत्ति भएको थियो भन्ने किवंदन्ति रहिआएको छ। सोही भनाई अनुरूप हालसम्म पनि त्यस मंदिरमा खास देवी प्रतिमा नभई ढुगां र कुण्डलाई नै, पूजा गरिँदै आएको छ।

प्रतिवर्ष वर्षमा २ पल्ट यस वज्रवाराही माईको खटजात्रा गर्ने चलन छ। उक्त दवैजात्राहरूमा सुनजलप लगाइएको धातुबाट निर्मित वाराही प्रतिभा ३ गजूरयुक्त खटमा प्रतिस्थापन गरी नगर परिक्रमा (चंपापुर : / पुर- सहर) गराईन्छ। सो मूर्ति करिब १,१/२ फिट अग्लो र १ फिट चौडा छ। चार वाहुयुक्त महिष वहान गरेकी उक्त मूर्ति नृत्यमुद्रामा रहेको छ भने दुईहात मुद्रापूर्ण एवं दाहिने पट्टीमा एक हातमा खड्ग (हाल विंदमात्र बाँकी) र दायाँ पट्टीको उक्त हातमा माछा सुशोभित रहेको छ। प्रतिमाको मुखमण्डल वाराही रहेता पनि शरिर मानवाकारको छ। आभुषणको हकमा शिरमा मुकुट, कानमा कानपासा, गलामा नरमुण्ड र अन्य हारहरू, जीउँमा सिंगारिएको जामा एवं हातमावाला र खुट्टामा वगी पहिरिएको छ। [4]



जात्रा गरिने Original मूर्तिको फोटो
(सौजन्यः- नेपाल राष्ट्रिय संग्रहालय, छाउनी)

यस देवीलाई संपन्नताका प्रतीक एवं भूतप्रेत, मसान समेतलाई वसमा राख्ने अभूतपूर्व शक्ति स्वरूप मान्छन भने भक्तलाई कुनै प्रकारको आपत्ति, व्यथा, भय र शत्रुको कुदृष्ठिबाट बचाउने एवं भक्त जनको मनोकांक्षापूरा गरिदिने माहामाता र शरणदाताका रूपमा मानि आएका छन् भन्ने कुरा निम्न स्तुतिगानबाट बुझिन्छ, :

<u>जय देवी वाराही</u>

जयदेवि वाराही उत्तवुंस विजयाक खुय प्येम्ह यागिनिया मुलें ॥
हादे विविन विदया वनट वसलपादिल वसः गुगुंलि मुसाननं उल ॥१॥
हादे परिवाल सखपाल वागराज, जवस अगेन भूत गन वार ॥
वागसिध संमुक परिवाल वानरः दिगपाल चौसंद दिल ॥२॥
वहामन मेस गसे तिलहील नानातसे, नागर जग्ये प्रविवेस ॥
हादे सुवर्ण पालया धंगलि निलकंथ कुदंल मानिक तिल ॥३॥
हादे यथिइन स्वदुन भगती वर नदासः वल फोसेचोने ख्वव संसार ॥
हादे कोतिया लुनवस वस मखुजोति जुलः भयविल सतुरिया मुल ॥४॥
हादे जि पापिया दुख जुल सहयायफतः मन उधार गथेइर ॥
दुरजनया मति जुल गतिं मदयकेतनः रीशेस्वरी गुम्ह गुहाको सवास ॥५॥
यकाछुने जि ल्हाजोरो मथन यासेः आननदं जुयकं लास ॥
मेवमदु जि आश भवानि चरनदासः मनरथ पुरेहे इसेग्र ॥६॥
मात्रिका गजलेखा नेपाल संवत् श्रावण येकादसिया दिन ॥
चौदस भुवनया अधिपति लोमसनिः हुने छेलिकोस वास ॥७॥
हर्षलक्षीमी देवी भवानि चरणदासः गुगुलि सा।र जुल मन ॥
भजपति भूपति नरपति श्री जयेः भये विल सतुरीया मुल ॥८॥ 5

जात्रामा माथि वर्णन गरिएको मूर्ति खटमा राखि नगर परिक्रमा (पुर-शहर चंपापुर गराईन्छ। यसरी मंदिरमा खास मूर्ति स्थापना नभए पनि आकर्षक मूर्तिको खटजात्रा गर्नु र एकै देवीको वर्षमा २ पल्ट जात्रा संचालन गर्नु स्थानिय संस्कृतिका विशेषता मान्न सिकन्छ। यी विशेषताहरू बारे बेग्ला बेग्लै लोकधारणाहरू पाइन्छन्। चैत्र महिनामा मनाउने जात्रा देवीको जन्मोत्सव स्वरूप त मंसिर महिनामा मनाइने जात्रा देसार जातीहरूले देवीलाई आफ्नो मातहता लिन सफल भएको खुशियालीमा मनाइने जात्रा हो भन्ने लोक धारण छ। जस्तै :

(१) चैत्र महिनाको जात्रा वा सिंदुर जात्रा

प्रत्येक वर्ष चैत्र सुदि चतुर्दसी देखि ३ दिनसम्म मनाइने वज्रवाराही जात्रा राजा अरिमल्लदेवले संचालन गरेका हुन भन्ने स्थानीय जनविश्वास रहेको छ। राजा अरिमल्लदेव यात्रामा निस्कंदा यस गाउँमा देवा स्वयमले आफ्नो साक्षात रूप दर्शन दिई सोही अनुरूपको एक मूर्ति निर्माण गराई वर्षेनी जात्रा संचालन गराईदिनु भन्ने आज्ञा भएको हुँदा राजा अरिमल्लले सो मुर्ति निर्माण गर्न लगाई चैत्र सुदि चतुर्दसीका दिन पणिष्ठा गरी यसै दिनेदेखि तीनदिनसम्म देवीको जम्मोत्सव स्वरूप प्रत्येक वर्ष धुमधामसंग जात्रा चलाउने चलन चलाएका थिए भन्ने लोकधारणा छ। यसकारण हालसम्म पनि राजाज्ञा (पहिले द्वारेको, हाल प्रधान पंचको) लिएर यो जात्रा संचालन गर्ने प्रचलन छ।

माथि उल्लेखित भनाई अनुसार यो जात्रा नेपालमा मल्ल शासनको शुरू [6] देखि संचालन हुँदै आएको मान्नु पर्छ। तर धातु निर्मित प्रतिभा, यसको तडकभडकपूर्ण सिंगार र आभुषण एवं नृत्यमुद्रा र तान्त्रिक भावलाई हेर्दा यो प्रतिमा मल्लकालको प्रारंभ तिरको जस्तो देखिंदैन, बरू उत्तर मल्लकालको कलाकृति प्रतित हुन्छ। पुरातत्वविदहरूले पनि यस मूर्तिलाई सत्रौं शताब्दी भन्दा पहिलेको नभएको अनुमान गरको छन्। [7] यदि यो कला विक्रम संवतको सत्रौं शताब्दीका हो भने यो जात्रा ने.सं. ६५० देखि ने.सं. ६८० सम्म काठमाडौंका शासक रहेका अमर मल्ल (नरेन्द्र मल्ल) को शासनकालमा शुरू गरिएको अनुमान गर्न सकिन्छ। किनकि उनी वि.सं. १६१७ सम्म शासन गर्ने अर्थात सोह्रौं शताब्दीको अन्ततिर देखि सत्रौं शताब्दीका झण्डै २ दशक सम्म शासक रहेका थिए। [8] साथै उनी एक कला एवं संस्कृति प्रेमी व्यक्ति थिए र उनले आफ्नो शासन कालमा काठमाण्डौ, भक्तपुर र ललितपुरमा अनेकन जात्रा र नाचहरू संचालन गराएका थिए भने अर्कोतर्फ उनको शासनकालमा "चापगाउँ" उनको मातहतमा रहको थियो। [9] तर यस अनुमानलाई पनि निम्न श्लोकले गलत सिद्ध गर्दछ-- "भूपति, नरपति, अष्टमातृका - श्वते संवतस उत्पति जुसे विज्याकम्ह जयदेवी वारामही" [10] यस श्लोकमा उल्लेख भएको अंकनिघण्टु अनुसार देवीको उत्पति अर्थात मूर्ति निर्माण काल ने.स. ८११ हुन आउँछ। तर ऐतिहासिक प्रमाण अनुसार यस संवतमा अरिमल्ल वा अमरमल्लको

शासन नभई काठमाण्डौ, भक्तपुर र ललितपुरमा क्रमशः भूपालेन्द्र मल्ल, जितामित्रमल्ल र योगनरेन्द्र मल्लले राज्य गर्दै थिए। यदि देवीको जन्मदिन अर्थात मूर्ति निमार्णकाल ने.सं ८११ लाई मान्ने हो भन्ने यी ३ राजाहरूमध्ये कुनै एकले मूर्तिनिर्माण गर्न लगाएको र जात्रा चलाएका अनुमान गर्न सकिन्छ। विवाद र जनविश्वास जे सुकै होस भाषावंशावली अनुसार पाटनका राजा श्रीनीवास मल्लले चंपापुरका बज्रवाराही देवीको सूनको मूर्ति बनाई संवत ७८६ चैत्र शुक्ल ८ सोमबारका दिन विश्वनाा अजर्याले प्रतिष्ठा गराई एकादशी वृहस्पतिवारका दिन ललितपुर शहर घुमाई जात्रा गरी चंपापुर लागि राखे भन्ने छ।[11] हाल सम्म पनि यो जात्रा सोही तिथि मितिमा संचालन हुँदै आएकोले यो जात्रा श्रीनिवास मल्लले चलाएको प्रमाणित हुन्छ।

यो जात्रा चक्रगुठी र खःगुठी नामक २ गुठीहरूबाट संचालन गरिन्छ। हुनत यो जात्राका प्रमुख दिनहरू चैत्र सुदि चतुर्दसी देखि ३ दिन सम्म हुन्छन्। तापनि यसको पूजा विधि एकादशी कै दिनदेखि शुरू भइसकेको हुन्छ। एकादशीका दिन चक्र गुठीका कानफत्ताहरू जांडयुक्त ५ ध्याम्पाहरू र वोकावली सहितको पूजा लिई गाउँमा आउछन् उनीहरूले सो ध्याम्पाहरू गाउंको इखाटोल, भन्सारटोल, यकोटोल, भगवती टोल र भैरव मंदिरमा स्थापना गरी भैरवको साधना गरिन्छ। यसरी जात्रा भन्दा अघि नै भैरवको आरधना गरी पूजा किन गरीयो भन्ने संदर्भमा एक रोचक लोक विश्वास रहेको छ की आफ्नो सौतेनी आमाद्वारा सताइएकी स्थानीय बालकुमारी एक दिन सौतेनी आमाको आज्ञा अनुसार केराउवारीमा पहरा दिइरहेकी समय ट्रयांगा भैरव मानवरूपधारण गरी आई उक्त दुःखि कन्यासंग गान्दर्भ विवाह गरी लगेका थिए। यस्कारण स्थानीय निवासी हरूले हालसम्म पनि भैरवालाई आफ्नो ज्वाई मानि आफ्नो गाउंको प्रमुख जात्रामा यसरी निम्ता दिने गरेको छ।

भैरवको साधना र आरधाना पछि चतुर्दशीको रात स्थानीय खःगुठीका गुठीयारहरूले आगछंबाट (देवीघर) देवी प्रतिमा खटमा स्थापना गरी बोकेर स्थानीय पोडे टोलमा लगिन्छ। त्यहां पोडेहरूद्वारा सुंगुर वली चढाई जात्राको प्रथम पूजा अर्पण गरिन्छ। यस पछि खट समेत स्थानिय मंदिरमा स्थापना गर्न ल्याउंछ। यसदिन देखि जात्राको सुभारंभ हुन्छ। खास गरेर स्थानीय नेवार समुदयाले यस दिन

वेलुकादेखि भात खांदेनन्, छोयलाभूको नाममा भोज खाने गर्छन। छोयलाभूमा खास मिठो परिकार वनाइदैन, केवल पोलेर वा उसिनेर सांधेको वा काचै साधेका परिकारहरूसंग च्यूरा खाने गर्छन। यस भोजमा खास गरेर च्यूरा, कांचो अदुवा, भुटेको कालो भटमास, मुला, बोडी, सानो केराउ, कुनै प्रकारको साग र पोलेको मासु (हाकु छोयला) वेग्ला वेग्लै सांधेको र केराउको वारा नै यस भोजको खास परिकार हुन्छन्। नेवार संस्कृति अनुसार यो एक प्रकारको सुद्धि कर्म मानिन्छ। नेवारहरू भातलाई जुठो मान्छन्। यस्कारण यस दिन भात खांदा छोइएका भांडाकुडाहरू सफा गर्ने, लुगा धुने घरभरी लिपपोत गरी सफासुघर गर्ने र त्यसपछि भात नपकाउने गर्दछन्।

भोलिपल्ट विहानै देखि स्थानीय निवासीहरूले आ-आफ्नौ गच्छे अनुसार देवीलाई पूजा अर्चना गर्दछन्। कसैले वली पूजा गर्दछन् त कसैले साधारण समय बजी [12] वा नैवद्य मात्र राखि पूजा गरेको हुन्छ। धेरै जसोले सगून दिने गर्दछन्। वलीपूजा गर्नेहरूले कोतः (थालजस्तो वाटुलो पूजाथाली) वा कलः (वास्केट आकारको पूजा गर्ने भांडो) मा पूजा राखिल्याउंछन् भने अन्यले साधारण थालिमा पूजा ल्याउने गर्दछन्। यसै दिन मध्यान्हतिर सरकारी तवरबाट जटावाल नरिवल सहितको पूजा ल्याइन्छ। उक्त पूजा अर्पण गरी परंपराअनुसार द्वारले (हाल प्रधान पंचले) जात्रा संचालन गर्ने आदेश दिइन्छ। अनि खः गुठीका १६ जना गुठीयारहरूले खट बोकी नगर परिक्रमा गराइन्छ। यस कार्यक्रममा स्थानीय वासिन्दाहरू आ-आफ्नो सांस्कृतिक बाजागाजा सहित संलग्न भई जात्राको शोभा बढाउंछन्। डंगोलहरू धाः धिमेय, भूस्याः, ताः, वासुरी, वै, काः नायखिं आदि बजाउंदै खटको पछि लाग्छन् भन भजनमण्डलीका सदस्यहरू हारमोनियम र तवलाको तालमा देवीको स्तुतिगान एवं भजन गाउंदै जुलुसमा सामेल हुन्छन्। यसका अलाव यस जात्रामा विशेष पूजा गर्दा र देवीको खट निश्चित ४ दोबाटोहरूमा पुग्दा पहरेजातीले बजाउने पंचेवाजा (सहनाई, मृदंगा, तवला, धोलक आदिको संयुक्त वाजा) अनिवार्य रूपमा बनाउने गर्दछन्। जात्राको शोभा यात्रामा सिंदुर र लावा अविर छर्दै लग्नु पर्ने हुनाले यस जात्रालाई सिनः जात्रा (सिंदुर जात्रा) पनि भनिन्छ। यो जात्रा रातीसम्म जारी रहन्छ। यस दिन जात्राको प्रमुख दिन मानिन्छ र संपूर्ण आफन्त एवं चेलीवेटी बोलाई विहान समयवजी र बेलुकी आ-आफ्नो गच्छेअनुसारको परिकारहरू मिठाई, दही आदि राखी भोज खाने गरिन्छ। यो जात्रा संपन्न गरिसकेर भोलीपल्ट खट पुनः आगँछेय फिर्ता ल्याइन्छ।

आगंछ्युेंका कर्माचार्य पूजारीहरूका दुइजना जेठी (थाकुली र नकुली नकींहरू) सधवा पूजारीनीहरूले विधिपूर्वक पूजागरी देवी प्रतिमा आगँछेय भित्रायाइन्छ। प्रतिमा पूजारीहरूको हवाला गरी सकेपछि मूल जात्रा टुंगिन्छ। अनि छोरी र ज्वाई विदा गर्ने (वालकुमारी र भैरव) भनि खः गुठीका गुठीयारहरूले केही भोजलिई कुसले चौर सम्म जान्छन् र त्यहां सवभन्दा पहिले भैरव र बालकुमारीलाई भनि २ भाग भोज राखी अन्य गुठीयारहरू जेष्ठताको आधारमा लहरै वसी भोज खाई फर्कने चलन छ। यसपछि संपूर्ण रूपमा यो जात्रा टुगींन्छ ।

## कार्तिक महिनाको जात्राः

हरेक वर्ष कार्तिक महिनाको अष्टमी (गोपाअष्टमी वा भुखोः अष्टमी) देखि दशमी सम्म हुने यो दोश्रो जात्रा कहिले देखि (संचालन गरिएको थियो भन्ने कुनै ऐतिहासिक तथ्य हालसम्म प्राप्त छैन। तर यो जात्रा किन चलाइयो भन्ने संदर्भमा पाइएको लोकोक्ती अनुसार यो जात्रा चैत्र महिनामा गरिने जात्रा भन्दा पछि मात्र प्रचलनमा ल्याइएको अनुमान गर्न सकिन्छ। किनकि वुलु गाउं निवासीहरू बज्रवाराहीमा वनभोज मनाउन आउंदा देवी प्रतिमालाई पूजा गरी २ युवतीहरूलाई देवीको संरक्षक स्वरूप राखि अन्य सवै जंगलमा भात पकाउन व्यस्त रहेको थिए। यस सयमा स्थानीय देसार जातका युवकहरूले केही चतांमरी (चामलको पीठो बाट बनाइएको रोटी) देखांउदै "भावा कायकी पापा ?" (देवी लिन्छौ की रोटी ? ) भन्दै जिस्काउन आएका थिए। भोकले चूर ती युवतीहरूले आफ्नो कर्तव्यको पर्वाह नगरी रोटीलाई चुनेको हुंदा युवकहरूले रोटी उनीहरूलाई दिई देवी प्रतिमा आफ्नो मातहतमा लिएर हर्षोलासकासाथ जात्र गर्दै नगर परिक्रमा गराएका थिए। यही खुशीयालीको स्मरण स्वरूप हालसम्म पनि देसार जातिले मंसिर अष्टमी देखि दशमी सम्म यो जात्रा मनाउंदै आएको छ। यस किम्वदन्ती अनुसार यो जात्रा मूर्ति निर्माण भइसकेपछि मात्र संचालन गरिएको हो भन्ने प्रमाणित हुन्छ।

परंपरागत संस्कृति अनुसार मुख्य अष्टमीका दिन वुलु गाउंका ६ जना नाइकेहरूद्वारा आगंछ्येमा विधिपूर्वक देवीको पूजा गरी खटमा प्रतिमा पदार्पण गराइन्छ र त्यहांबाट मंदिरमा ल्याई स्थापना गरिन्छ। यस दिन जात्राको प्रारम्भ मानिन्छ। भोलिपल्ट अर्थात नवमीको दिन विहान देखि स्थानीय नेवारहर विशेष गरेर देसार जातकाहरूले आ-आफ्नो क्षमता अनुसार पूजा अर्चना गर्दछन्। यस पूजाको समयम गुठीयारहरले मंदिर नजिकैको पाटीमा

"जातः वोय्गु" (चिना प्रदर्शनी) कार्यक्रम संपन्न गरीन्छ। यस गुठीबाट संपूर्ण भक्तजनलाई एक एक वटा चतांमरी र समयवजी प्रसाद स्वरूप प्रदान गर्ने गर्छन्। वुलु गाउंमा नेवाहरूले वनभात खान एक महिना अघिदेखि नै प्रतिव्यक्ति एकमाना चामलको हिसावले घरै पिच्छे कर उठाई राख्ने र यो दिन अन्य परिकार सहित भात पकाई सोही वनमा "मरः जा" को नाममा खाने गरिन्छ। साथै गुठीबाट वलिवैश्य पूजाको नाममा करीव ५ पाथी चामलको भात पकाई अन्य परिकार सहित सजिसजाउका साथ एउटा बाखावली चढाई विधिपूर्वक भातलाई पूजा गरीन्छ र सो बली पूजा देवीको खटयात्रा पथहरू एवं गाउंको चारै दिशामा छर्दै का : वाजा बजाउंदै डुलाउंछन्। बाटोमा रहेका भूत प्रेत पन्छाउन र वर्ष भरी कुनै प्रेतआत्माले गाउंमा दुःख नदिउन भन्ने हेतुले यस्तो पूजा गरीएको हो भन्ने भनाई स्थानीय बुढापाकाका छन्। यसै दिनको सांझ देखि स्थानीय देसार जातका १६ जना युवकहरूले देवीको खट बोकी पहिलेको जस्तै जात्रा गरिन्छ। मदिरबाट उठाई लगेको सो खट बजार स्थित डवलीमा विसान्इन्छ र त्यहां देसारजातका गुठीयारहरूले भव्य पूजाकासाथ अनेकन आभुषणले देवीलाई सजाइदिन्छन। अनि जात्रा गर्दै नगर परिक्रम गराइन्छ।

यो दिन जात्राको प्रमुख दिन मानिन्छ र पलिहे जस्तै घरघरमा आफ्नो गच्छेअनुसारको भोज खाइन्छ। तर यस जात्रामा भने चैत्र महिनाको जस्तो संपूर्ण आफन्ताहरूलाई निम्त्याइँदैन। रातभर गाउंका विभिन्न घरको पूजा र सगुन थाप्दै उल्लास पूर्ण जात्रा गरिन्छ र भोलिपल्ट चैत्रमहिनामा जस्तै देवीलाई आगंछ्येमा भित्र्याई जात्रा टुंग्याउंछ।

वर्षमा २ पल्ट गरीने यो देवीको जात्राहरू मध्ये एक जात्रा किन र कहिले देखि मनाउंदै आएको हुन र यसका सांस्कृतिक महत्व के कस्ता छन् भन्नेबारे केही किंवदन्तीहरू र ऐतिहासिक तथ्य पाइएका छन् अर्को जात्रा बारे ऐतिहासिकता खोजि गर्ने बांकी नै छ। यस जात्राको सांस्कृतिक एवं धार्मिक महत्व जति छ त्यतिकै मात्रामा सामाजिक र आर्थिक क्रियाकलापसंग पनि यसले सम्वन्ध राख्दछ। किनकि जात्राहरू स्थानीय जनताले आफ्नो व्यस्तताबाट फुर्सत पाएको समयमा देवी प्रति श्रद्धा भक्ती दर्शाउन र आफन्ताहरूसंग बसी आनन्द मनाउन चलाउंदै आएका प्रतित हुन्छ। यस कृषि प्रधान क्षेत्रका वासिन्दाहरू आफ्नो आर्थिक क्रियाकलापमा खेतमा-बारीमा) व्यस्त रहंदा भक्तिभाव गर्न एवं आनन्द मनाउने र आफन्तलाई भेट्ने मौका नपाउनु स्वभाविक हो। यसकारण यी जात्राहरू यस्ता समयमा मनाइएका छन् जुन वेला की अधिकांश कृषकहरू व्यस्तताबाट

मुक्त हुन्छन्। जस्तैः एक जात्रा मंसिर महिनामा मनाइन्छ जुन समय धानवाली भित्र्याइसकेको हुन्छ। यसैले बालीबाट उत्पादित नयां चामलको भात प्रथमत देवी र भूत प्रेतलाई चढाई सुख संवृद्धि र आरोग्यको कामना गर्नुका साथै बनभात खाने, भातलाई पूजा गर्दै वली पूजाको नाममा भात छर्कने, चतामंरी (चामलको पीठोबाट बनेको रोटी) वितरण गर्ने आदि गरिन्छ। अर्को जात्रा चैत्र महिनामा हुन्छ जुन समयमा गहुँवाली लहलहांउंदो अवस्थामा हुन्छ र खास काम गुर्न पर्ने अवस्था हुँदैन। यसरी यो जात्राले स्थानीय सँस्कृति र परंपरासंग मात्र नभई त्यहाँका आर्थिक क्रियाकलापसंग पनि सम्वन्ध राख्दछ। यो जात्रा स्थानीय सांस्कृतिक संपदा हो र यसको सांस्कृतिक महत्व र ऐतिहासकताको खोजी अझ गहनरूपमा गर्न सके हालसम्म लुप्त रहेको यस क्षेत्रको अन्य कतिपय गोरबपूर्ण ऐतिहासिक एवं सांस्कृतिक तथ्यहरू समेत प्रकाशमा ल्याउन सकिने देखिन्छ।

# टिप्पणी

1 सूचना विभाग, वि.स. २०३१, मेचीदेखि महाकाली, भाग २, काठमाण्डौ पृ. ८५७

2 1969 A.D. **The Physical Development Plam for the Kathmandu Vally**, Kathmnadu; His Majesty the Govt. of Nepal: P. 68

3 Danieal Wright, 1792 A.D. **Histroy of Nepal**, Kathmandu: Nepal Antiquated Book Pulishers: P. 167

4 यहां प्रस्तुत फोटो मूल (Original) प्रतिमाको हो। यो २०३४ सालमा चोरी भएको र स्थानीय निवासीहरू एवं प्रहरीको सक्रियताबाट सो मूर्ति फेलापारीएको थियो। हाल यो मुर्ति नेपाल राष्ट्रिय संग्रहालय छाउनीमा सुरक्षित रहेको छ। आजकल जात्रा गरीने प्रतिमा नवनिर्मित हो र यो ढलौटबाट बनेको छ।

5 सुरालि मानन्धर, "स्थानीय बज्रबाराही जात्रा : एक अध्ययन" (अप्रकाशित), २०३६।११।५ मा राष्ट्रिय विकास सेवा, त्रिभूवन विश्वविद्यालयमा प्रस्तुत भिलेज प्रोफइलको दाश्रो खण्ड), परिशिष्ट नं. १, पृ. ७१-७२।

यो स्तुतीगान स्थानीय भजनमण्डल पुस्तिकाबाट अक्षरसः सारिएको छ। यो सोही गाउं पंचायत वडा नं. ४ निवासी तुयूलला महर्जन वर्ष ६० को सौजन्यबाट प्राप्त गरेको हो।

6 Luciano Petech, 1958 A.D. Mediaval History of Nepal. Roma: Perte Medio Ed. Estrome Oriente: P. 85.

7 पुरातत्व विभाग एवं नेपाल राष्ट्रिय संग्रहालयबाट वर्गिकरण गरेअनुसार यो मूर्तिकला १७ रौं शताब्दीको मानिएका छ।

8 सूर्य विक्रम ज्ञवाली, २०१६ वि.स., नेपाल उपत्यको मध्यकालीन इतिकास, (८७६ ई.सं. देखि १७६८ इ.सं सम्म), काठमाण्डौ; रोयल नेपाल एकेडेमीः पृ. १२६

9 लिलाभक्त मुनकर्मी, २०४१ साल, नेपाल सांस्कृतिक तथा ऐतिहासिक दिगदर्शन, भक्तपुर; श्रीमती भवानी केशरी मुनकर्मी : पृ २४४।

10 वेलामा ताम्राकार, (अप्रकाशित) चापागाउं आदर्श गाउं पंचायत र त्यहाको नेवार समुदायले मान्ने गरेको चाडपर्व, (२०४३ सालमा रा.वि.से.मा प्रस्तुत भिलेज प्रोफाईल) पृ. ८४

11 देवी प्रसाद लंसाल, २०२३ साल, भाषा वंशावली, भाग २, काठमाण्डौ; राष्ट्रिय पुस्कालय, पृ ६६

12 च्यूरा र स्यालवजीको साथमा कांचो अदुवा भुटेको कालो भटमास, उसिनेको बोडी, पोलेका मासु सांधरे बनाइएका ४ परिकारहरू र मासकोवारा राखि अपर्ण गर्नुलाई समयवजी भनिन्छ। यसरी अर्पण गर्नु पनि एक प्रकारले वली पूजाने मानिन्छ। विस्तृत जानकारीका लागि हेर्नुहोस्-- सुरेन्द्रमान श्रेष्ठ, ने.सं. ११०५, "हाम्रो संस्कृतिमा समयवजीको महत्व" नेपालका तान्त्रिक देवता र तान्त्रिक पूजा (नेपाल भाषा), काठमाण्डौ; वलदेव जुजु र सरेन्द्रमान श्रेष्ठ : पृ. १०-१७